जो अल्लाहको बाटोमा एक दिनको लागि रोजा बस्छ, अल्लाहले उसको अनुहारलाई नर्कको आगोबाट सत्तरी वर्षको दुरी बराबर टाढा गरिदिनुहुनेछ।

अबू-सईद अल्-खुदरी (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, मैले रसूल (सल्लल्लाहु
अलैहि वसल्लम) लाई भन्दै गरेको सुनें, उहाँले भन्नुभयो: "जो अल्लाहको बाटोमा एक
दिनको लागि रोजा बस्छ, अल्लाहले उसको अनुहारलाई नर्कको आगोबाट सत्तरी वर्षको दुरी बराबर टाढा गरिदिनुहुनेछ।"
[सही] [मुत्तफकुन अलैहि]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले स्पष्ट पार्नुभएको छ कि जसले अल्लाहको मार्गमा (जिहादमा, र केही वर्णनकर्ताका अनुसार जिहाद बाहेक अन्य अवस्थामा पनि) अल्लाहको प्रसन्नता र उहाँबाट प्रतिफल पाउने शुद्ध नियतका साथ एक दिन व्रत (रोजा) बस्छ; अल्लाहले आफ्नो कृपाले उसलाई नर्कको आगोबाट सत्तरी (७०) वर्षको दुरी बराबर टाढा गरीदिनुहुनेछ।

http://www.sunnah.global/hadeeth/ne/show/4436